# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १८, चैत्र ७ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## व्यास नगरपालिका स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१२।७

**प्रस्तावना** : कक्षा १ देखि कक्षा ८ को पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम निर्माण निर्देशिकाको मूल मर्म, मार्गदर्शक नीति तथा सिद्धान्तलाई अवलम्बन गर्दै स्थानीय भाषा, रीतिरिवाज, परम्परा, संस्कृति, स्थानीय सम्पदा समेतको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्न बालबालिकालाई समाज अनुकूल समायोजन गर्न संविधान प्रदत्त अधिकारको कार्यान्वयन गर्न, स्थानीय क्षेत्र वा समुदायबाटै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १० र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

(२) यस कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।
(ग) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यविधि, २०७९ सम्झनु पर्छ ।
(घ) "केन्द्र" भन्नाले नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्र सम्झनु पर्छ ।
(ङ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।
(च) "पाठ्यसामग्री" भन्नाले विद्यालयमा पठनपाठनका लागि प्रयोग हुने पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका, सन्दर्भ सामग्री, शिक्षक विद्यार्थी निर्मित श्रव्य, दृष्य श्रव्य-दृष्य सामग्री, मल्टिमिडिया, मोवाइल, फोन तथा अनलाइन पद्धतिमा विकास गरिने सामग्री सम्झनु पर्छ ।
(छ) "पाठ्यक्रम" भन्नाले स्थानीय सरोकारवालाहरुको सहभागितामा नगरपालिकाको आवश्यकता, परिवेश अनुसार विषयवस्तुहरु समावेश गरी शिक्षण गर्न निर्माण गरिएको पाठ्यक्रम भन्ने सम्झनु पर्छ ।
(ज) "वडा अध्यक्ष" भन्नाले व्यास नगरपालिका भित्रका वडाको वडा अध्यक्ष सम्झनु पर्छ ।
(झ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका भन्ने सम्झनु पर्छ ।
(ञ) "सदस्य" भन्नाले व्यास नगरपालिकाका शिक्षा समितिका सदस्य सम्झनु पर्छ । सो शब्दले प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र कार्यपालिकाका सदस्य समेत जनाउँछ ।
(ट) "समन्वय इकाई" भन्नाले तनहुँ जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ ।
(ठ) "कार्यान्वयन" समिति भन्नाले यस कार्यविधिको दफा ४ (क) बमोजिम गठन गरिएको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समिति सम्झनु पर्छ ।
(ड) "शिक्षा प्रमुख" भन्नाले व्यास नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखाको प्रमुख सम्झनु पर्छ ।
(ढ) "उपसमिति" भन्नाले विभिन्न विषय क्षेत्रका विज्ञ तथा विज्ञान र सरोकार क्षेत्रमा कार्यरत शिक्षकहरु समेतको समिति सम्झनु पर्छ ।
(ण) "स्थानीय पाठ्यक्रम" भन्नाले स्थानीय वस्तु विशेष र सरोकारवालाको आवश्यकता चाहना एवं उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुहरुलाई समावेश गरी निर्माण र कार्यान्वयन गर्ने पाठ्यक्रम सम्झनु पर्छ ।
(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद २
## पाठ्यक्रम विकासको आधार

३. **पाठ्यक्रम विकास** : शैक्षिक विकेन्द्रीकरणको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को नीति तथा संरचना र एकीकृत ढाँचाका पाठ्यक्रम सुधार पद्धतिको अवधारणा अनुसार नगरपालिकाले आवश्यकता र परिवेशलाई समेट्ने गरी बालबालिकाको चौतर्फी विकास गर्न देहायको विषयमा जोड दिई पाठ्यक्रम निर्माण गरिने छ :
(क) आधारभूत तह कक्षा १-८ को शिक्षा पाठ्यक्रममा राखिएका विषयहरु मध्ये स्थानीय विषयमा आधारित विषयवस्तुहरु समेटिएको १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरिने छ ।

(ख) मातृभाषा वा स्थानीय विषयवस्तु समेटिएको १०० पूर्णाङ्कमा कक्षा १-३ का लागि साप्ताहिक पाठ्यभार ५ र वार्षिक १६० पाठ्यघण्टा हुने गरी अध्यापन गरिने छ। कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक १२८ घण्टा निर्धारण गरिने छ।

(ग) विद्यार्थी मूल्याङ्कनको आधार एकीकृत पाठ्यक्रमको मर्म अनुसार दैनिक मूल्याङ्कन विधिलाई पूर्ण रुपमा लागू गरिने छ। साथै ४-८ लाई आन्तरिक मूल्याङ्कन (४+३६+१०) र वाह्य परीक्षा ५० पूर्णाङ्कको हुनेछ।

(घ) बालबालिकाको चौतर्फी विकास, व्यवहार कुशल सीप, बाल मनोविज्ञान, भयरहित सिकाइ सूचक जस्ता आयामहरुको पूर्ण रुपमा समावेश गरिने छ।

(ङ) नगरपालिकाको भौगोलिक, साँस्कृतिक, भाषिक, धार्मिक, पर्यटन, कृषि व्यवसाय आदि विविधताहरुलाई पहिचान गर्ने विषय समेतलाई समावेश गरिने छ।

## परिच्छेद ३
## पाठ्यक्रम निर्माण तथा कार्यान्वयन

४. **पाठ्यक्रम निर्माण तथा कार्यान्वयन :** (१) नगरपालिका स्तरमा निर्माण गरिने पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य आवश्यक पाठ्यसामग्री विकास तथा निर्माण र कार्यान्वयन गर्न गराउनका लागि निर्माण तथा कार्यान्वयन समिति गठन गरिने छ। नगरपालिकामा पाठ्यक्रम विकास निर्माण तथा कार्यान्वयन समितिहरु देहाय बमोजिम गठन हुने छन् :

(क) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिः नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू गर्ने प्रयोजनका लागि तपशिल बमोजिम पाठ्यक्रम विकास निर्माण तथा कार्यान्वयन समिति गठन गरिने छः

(१) संयोजक : प्रमुख
(२) सदस्य : उपप्रमुख
(३) सदस्य : प्रमुख प्रशासकीय अधिकृत
(४) सदस्य : सामाजिक विकास समिति संयोजक
(५) सदस्य सचिव : शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

(ख) स्थानीय पाठ्यक्रम विकास तथा निर्माण सल्लाहकार समिति : स्थानीय पाठ्यक्रम निर्माण समितिको सल्लाह तथा निर्देशन बमोजिम स्थानीय परिवेश झल्कने गरी पाठ्यक्रम विकास तथा निर्माण गर्न तपशिल बमोजिमको ५ सदस्यीय पाठ्यक्रम विकास तथा निर्माण सल्लाहकार समिति गठन गरिने छ। यस समितिमा वरिष्ठ सदस्यले संयोजकको भूमिका निभाउने छः

(१) सदस्य : नगरपालिकाको धार्मिक तथा वैदिक ज्ञान भएको विज्ञ १ जना
(२) सदस्य : पर्यटन क्षेत्रको विज्ञ १ जना
(३) सदस्य : कृषि/संस्कृति तथा इतिहासको विज्ञ १ जना
(४) सदस्य : शिक्षा, साहित्य तथा भाषा विज्ञ १ जना
(५) सदस्य : वरिष्ठ शिक्षाविद् तथा समसामयिक ज्ञान सम्बन्धी विज्ञ १ जना/नगर शिक्षा अधिकारी/अधिकृत

(ग) स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन उपसमिति : स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिको निर्देशन तथा सल्लाहकार समितिको सुझाव एवं

समन्वयमा तपशिल बमोजिमको ९ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन उप-समिति गठन गरिने छ । स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन उप-समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१. संयोजक : नगरपालिकाको सामाजिक विकास समितिको संयोजक १ जना
२. सदस्य : प्राध्यापक वा शिक्षा सेवामा सेवारत वा निवृत कर्मचारीहरु मध्येबाट समितिद्वारा मनोनित विज्ञ १ जना
३. सदस्य : समावेशी आधारमा विद्यालयहरुमा अध्यापनरत शिक्षकहरु मध्येबाट कार्यान्वयन समितिले मनोनित गरेको २ महिला सहित बढीमा ६ जना
४. सदस्य सचिव : अधिकृत, शिक्षा तथा सामाजिक विकास शाखा

(२) उपदफा (१) (ग) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(३) धार्मिक, पर्यटन, कृर्षि भाषा संस्कृति, योग तथा मनोपरामर्श सेवा, जातिगत पहिचान लगायतका विभिन्न क्षेत्रमा लामो समयसम्म योगदान गरी विज्ञता हासिल गरेका विभिन्न विषेश परिस्थितिका व्यक्तिहरु मध्येबाट सामाजिक विकास समितिका संयोजकको सिफारिसमा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिले कम्तिमा २ जना सदस्य मनोनित गर्न सक्ने छ ।

(४) दफा ४ (१) (ग) बमोजिम गठन भएको उपसमितिले तयार गरी निर्माण गरिने पाठ्यक्रम सो समितिले निर्माण गर्ने अन्य पाठ्यसामग्री, पाठ्यपुस्तक प्रत्येक ३ वर्षमा वा आवश्यकता अनुसार परिमार्जन तथा सुधार गर्न सकिने छ, स्थानीय पाठ्यक्रम नियमावली, २०६३ मा आधारित भई व्यास नगर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्नु पर्ने हुन्छ ।

(५) दफा ४ (१) (ग) बमोजिम निर्माण गरिने पाठ्यक्रम विकास, कार्यान्वयन, पठनपाठनलाई सरलीकरण, पाठ्यपुस्तक लेखन, शिक्षक निर्देशिका निर्माण, अभ्यास पुस्तिका विकास जस्ता कार्यको अनुगमन तथा सुपरीवेक्षणका लागि नगरपालिकाले आर्थिक स्रोत साधन र आवश्यक प्राविधिक जनशक्ति परिचालन गर्नेछ । उक्त अभिमुखीकरण कार्यक्रम स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन उप-समितिको सक्रियतामा शिक्षा तथा सामाजिक विकास शाखाले गर्नेछ ।

(६) उपसमितिको बैठकहरुमा आवश्यकता अनुसार विज्ञताको सेवा लिन विषयगत विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ । साथै आवश्यकता अनुसार सल्लाहकार समिति र स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन उपसमितिको संयुक्त बैठक सञ्चालन गर्न सक्नेछ ।

(७) स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन समितिको बैठक भत्ता र पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण कार्य गर्दा दिइने पारिश्रमिक नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४
## पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिको काम, कर्तव्य तथा अधिकार

५. **काम, कर्तव्य तथा अधिकार :** पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा लागू गरिने नगरपालिकाको पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी नीति तय गर्ने,

(ख) नगरपालिकाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण गर्न आवश्यकता अनुसार संरक्षण समिति, सल्लाहकार समिति, विज्ञ समिति, सम्पादन मुद्रण समिति, प्रवोधीकरण तथा अनुगमन समिति गठन गर्ने र सो समितिको आवश्यकताका आधारमा काम, कर्तव्य र अधिकार तोक्ने,

(ग) निर्मित स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको आवश्यकता अनुसार परिमार्जन तथा परिवर्तन गर्ने गराउने,

(घ) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, तथा पाठ्यसामग्री लेखन तथा प्रयोग सम्बन्धी नीति तय गरी लागू गर्ने तथा गराउने,

(ङ) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री लेखन, सम्पादन, मुद्रण, अभिमुखीकरण, अनुगमन, निरीक्षण कार्यमा संलग्न व्यक्तिहरुको पारिश्रमिक, सेवा सुविधा, बैठक भत्ता लगायतका पारिश्रमिक निर्धारण गर्ने,

(च) निर्माण भएको पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्रीहरु सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य रुपमा लागू भए नभएको अनुगमन गर्ने गराउने, साथै अनुगमन समितिको सिफारिसको आधारमा सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने गराउने,

(छ) समितिले आवश्यकता अनुसार आफ्नो केही काम, कर्तव्य र अधिकार नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा प्रत्यायोजन गर्न सक्ने छ,

(ज) पाठ्यक्रम निर्माण गर्दा अपनाइएको चरणवद्ध पद्धतिबाट आएको सुझाव सल्लाह तथा प्रतिवेदनको अभिलेखीकरण गर्ने,

(झ) पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा लेखन कार्यमा उत्कृष्ठ भूमिका निभाउने व्यक्तिहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने र सोको अभिलेखीकरण शिक्षा तथा सामाजिक विकास शाखामा राख्न लगाउने ।

६. **सुपरिवेक्षण तथा अनुगमन समिति** : आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम लागू भएपछि नियमित प्रवोधीकरण, सरलीकरण तथा अनुगमनका लागि देहाय बमोजिम विद्यालयका शिक्षक तथा प्रधानाध्यापक रहने गरी ३ सदस्यीय समिति गठन हुनेछ । नियमित प्रवोधीकरण, सरलीकरण, अनुगमनका लागि देहाय बमोजिम कम्तिमा १ जना महिला रहने गरी सुपरिवेक्षण तथा अनुगमन समिति पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिले गठन गर्नेछः

(क) माध्यमिक तह सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक/प्रधानाध्यापकहरु मध्ये १ जना -संयोजक

(ख) संस्थागत विद्यालयका प्रधानाध्यापक/शिक्षक पाठ्यक्रमको क्षेत्रमा अनुभवी मध्येबाट १ जना -सदस्य

(ग) सामुदायिक क्याम्पसहरुमा कार्यरत पाठ्यक्रम सम्बन्धमा अनुभवी प्राध्यापकहरु मध्ये १ जना -सदस्य

(घ) दफा ६ बमोजिम गठन भएका समितिको पदावधि ३ वर्षको हुनेछ । विषेश परिस्थितिमा कार्यान्वयन समितिले संयोजक तथा सदस्यहरु फेरवदल गर्न सक्नेछ ।

(ङ) सुपरिवेक्षण तथा अनुगमन समितिको पारिश्रमिक तथा अन्य सेवा सुविधा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ५
## स्थानीय पाठ्यक्रम प्रारुप निर्माण र कार्यान्वयन प्रक्रिया

७. **पाठ्यक्रम निर्माण** : स्थानीय पाठ्यक्रम निर्माण गर्दा राष्ट्रिय पाठ्यक्रम, २०७६ को स्थानीय पाठ्यक्रम निर्देशिका, २०६३ को ढाँचा र परिधिभित्र रही देहायको विधि र प्रक्रिया अवलम्बन गरिने छ:

(क) स्थानीय पाठ्यक्रमका लागि आवश्यकता पहिचान भइ विषयगत क्षेत्र छनौट पछि सरोकारवालाहरु जस्तै शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बुद्धिजीवी, विज्ञ समेतको प्रतिनिधित्व हुने गरी व्यापक सहभागितामा छलफल र परामर्शद्वारा आवश्यकताको पहिचान गरी स्थानीय पाठ्यक्रम निर्माण गरिने छ । साथै आवश्यकता अनुरुप विषय समिति गठन गरिने छ ।

(ख) नगरपालिका भित्रका विद्यालयको वस्तुस्थिति एवं परिवेश समेतलाई सम्बोधन हुने गरी शिक्षा तथा सामाजिक विकास शाखाको पहलमा पाठ्यक्रम निर्माण तथा लेखन उपसमिति निर्माण गरिने छ । उक्त लेखन समितिले पाठ्यक्रम मस्यौदा तयार गरी सल्लाहकार समिति र कार्यान्वयन समितिमा पेश गर्नेछ ।

(ग) स्थानीय पाठ्यक्रम विकास तथा निर्माण सल्लाहकार समिति र कार्यान्वयन समितिबाट प्राप्त भएका सुझाव, परामर्श र सुधारका पक्षहरुलाई समेटि पाठ्यक्रम निर्माण तथा लेखन समितिले पुनः परिमार्जन गर्नेछ । उक्त परिमार्जित पाठ्यक्रम तथा पाठ्यपुस्तक पुनः शिक्षा तथा सामाजिक विकास शाखाले स्वीकृतिका लागि कार्यान्वयन समितिमा पेश गर्नेछ ।

(घ) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री निर्माण तथा परिमार्जन पश्चात् शिक्षा तथा सामाजिक विकास शाखाको प्रस्तावको आधारमा शिक्षा समितिले निर्णय गरी कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाले तत्काल निर्णय गरी लागू गर्नेछ ।

(ङ) यस बमोजिमको स्थानीय पाठ्यक्रम निर्माण गर्न पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्, पाठ्यक्रम विकास केन्द्र, जिल्ला भित्रका विद्यालय र क्याम्पसबाट आवश्यकता अनुसार प्राविधिक सहयोग लिन सक्नेछ ।

८. **पाठ्यक्रम निर्माणका चरणहरु** : नगरपालिकाले आवश्यकता अनुसार पाठ्यक्रम निर्माण चरणवद्ध पालना गर्नेछ ।

(क) विषय समितिहरु गठन,

(ख) पाठ्यक्रम निर्माण तथा लेखन उपसमिति गठन,

(ग) पाठ्यक्रम तथा पाठ्यपुस्तक मस्यौदा लेखन तथा परिमार्जन,

(घ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक सल्लाहकार समिति र कार्यान्वयन समितिमा थप सुधार र परिमार्जनका लागि शिक्षा तथा सामाजिक विकास शाखाले पेश गर्ने,

(ङ) पाठ्यक्रम निर्माण तथा लेखन उपसमितिले सुझावहरु समेटेर आवश्यक परिमार्जन गर्ने,

(च) स्वीकृतिका लागि कार्यन्वयन समितिमा पेश,

(छ) स्वीकृति पश्चात् नगर शिक्षा समिति र कार्यान्वयनबाट स्वीकृति वा अनुमोदन,

(ज) शिक्षा तथा सामाजिक विकास शाखाले नगरपालिका भित्र कार्यान्वयन गर्ने ।

परिच्छेद ६

विविध

९. **नीति कार्यान्वयन** : प्रचलित संघीय सरकार, प्रदेश सरकार तथा पाठ्यक्रम विकास केन्द्रबाट विद्यालय तह कक्षा १-८ को पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा तय गरिएका नीतिलाई लागू गरिने छ ।

१०. **बैठक** : स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यकता वा तोकिए अनुसार नियमित बैठक बस्ने छ । बैठक बस्दाको बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

११. **सुविधा** : सदस्य तथा अन्य प्रबोधीकरण/अनुगमन कार्यका लागि सहभागी हुने सहभागिहरुलाई तोकिए बमोजिम भत्ता सुविधा उपलब्ध गराइने छ ।

१२. **अमान्य** : यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान तथा शर्त प्रचलित संघीय तथा प्रदेश ऐन कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३. **लेखा** : यस कार्यविधि अनुसार भए गरेका सम्पूर्ण आर्थिक कारोवार एवं लेखा प्रणाली नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. **अभिलेख** : नगरपालिकाका पाठ्यक्रम विकास, निर्माण तथा कार्यान्वयन समितिले तयार गरी स्वीकृति प्रदान गरेको सम्पूर्ण कागजात पाठ्यक्रम, पाठ्यपुस्तकको अन्य शिक्षण सामग्री लगायत मुद्रण सामग्री र अभिलेख नगरपालिकामा सुरक्षित हुनेछ ।

१५. **खारेजी** : यस कार्यविधिको व्याख्या, बचाऊ एवं खारेज गर्ने पूर्ण अधिकार नगरपालिकाको कार्यपालिकामा सुरक्षित हुनेछ ।

आज्ञाले

गंगालाल सुबेदी

प्रमुख प्रशासकीय अधिकृत